# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## माई नगरपालिका
## इलाम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं. १**

पत्र संख्याः २०७८।७९
च.नं. ५०६

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
इलाम।

**कैफियतसहितको राय**

हामीले माई नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.५ करोड ५६ लाख ३६ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. २७ लाख ९६ हजार फस्यौंट भई रु.५ करोड २८ लाख ४० कायम भएकोमा असुल गर्नुपर्ने रू.९ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ५१ लाख ४६ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ३६ लाख ३७ हजार र पेश्की रू.३० लाख ९१ हजार रहेको छ । नगरपालिकाको गतवर्ष रु.४२ करोड ९९ लाख ९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.४६ करोड ८६ लाख ९६ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पद्मप्रसाद आचार्य )
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

माई नगरपालिका, इलाम

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | ४१ | ५५६३६ | ० | ३ | २७९६ | ३३ | ३८ | ५२८४० | ९६६ | १३६३७ | ३५१४६ | ० | ० | ४८७८३ | ३०९१ |

## अद्यावधिक बेरुजुस्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| माई नगरपालिका | ४२९९०९ | ० | १४०५३ | ४१५८५६ | ० | ५२८४० | ४६८६९६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : माई नगरपालिका, इलाम , माई नगरपालिका , इलाम

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिनानाथ लम्साल | २०७६-९-९ | |
| कार्यालय प्रमुख | विष्णु कुमार थेगुवा | २०७७-८-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | क्षेत्र नाथ शर्मा | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५५,६३६,३२२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,५६,८५,०५९.४१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८,३१,५३,०८० | चालु खर्च | २९,२०,०३,५१२ |
| प्रदेश सरकारबाट अनुदान | १,८३,३२,००० | पूँजीगत खर्च | २०,८३,५१,५७३.०३ |
| राजश्व बाँडफाँट | ९,२४,५८,४३३.६५ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | १,५९,५०,५०६.९ | | |
| अन्य आय | ६,२९,१३,८९३.७४ | | |
| कुल आय | ५७,२८,०७,९१४.२९ | कुल खर्च | ५०,०३,५५,०८५.०३ |
| बाँकी मौज्दात | | १३,८१,३७,८८८.६७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस माई नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, २४६.११वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ५७६ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानिय संचित कोष** | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६७,३७,०८,९४०.२४ | ५७,२८,०७,९१४.२९ | | ५७,२८,०७,९१४.२९ | ५२,२८,३४,७६९.१२ | | ५२,२८,३४,७६९.१२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५३,९४,२८,४२६ | ५०,९८,९४,०२०.५५ | ० | ५०,९८,९४,०२०.५५ | ४४,६७,७७,९४०.३१ | ० | ४४,६७,७७,९४०.३१ |
| ११००० कर | ११ | ११,१७,३४,५०० | ९,८१,७७,४५३.५५ | ० | ९,८१,७७,४५३.५५ | ७,६५,६३,२५४.९५ | ० | ७,६५,६३,२५४.९५ |
| १३००० अनुदान | | ४१,०९,६३,९२६ | ४०,३३,९८,९२६ | ० | ४०,३३,९८,९२६ | ३५,७६,४८,००० | ० | ३५,७६,४८,००० |
| संघीय सरकार | १२ | ३९,०७,१८,०८० | ३८,३१,५३,०८० | ० | ३८,३१,५३,०८० | ३१,४७,६८,००० | ० | ३१,४७,६८,००० |
| प्रदेश सरकार | १२ | १,८३,३२,००० | १,८३,३२,००० | ० | १,८३,३२,००० | ४,२८,८०,००० | ० | ४,२८,८०,००० |
| जनसहभागिता | | १९,१३,८४६ | १९,१३,८४६ | ० | १९,१३,८४६ | ० | ० | ० |
| १४००० अन्य राजस्व | | १,६२,२०,००० | ७७,८४,७०३ | ० | ७७,८४,७०३ | १,१३,८५,०३०.३६ | ० | १,१३,८५,०३०.३६ |
| १५००० विविध प्राप्ति | | ५,१०,००० | ५,३२,९३८ | ० | ५,३२,९३८ | ११,८१,६५५ | ० | ११,८१,६५५ |
| ख. अन्य प्राप्ति | | १३,४२,८०,५१४.२४ | ६,२९,१३,८९३.७४ | | ६,२९,१३,८९३.७४ | ७,६०,५६,८२८.८१ | | ७,६०,५६,८२८.८१ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १३,४२,८०,५१४.२४ | ५,२७,४२,९५० | ० | ५,२७,४२,९५० | ६,३२,४३,८२४.३४ | ० | ६,३२,४३,८२४.३४ |
| धरौटी | | ० | १,०१,७०,९४३.७४ | ० | १,०१,७०,९४३.७४ | १,२८,१३,००४.४७ | ० | १,२८,१३,००४.४७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७२,८२,४४,५१९.६८ | ५०,०३,५५,०८५.०३ | | ५०,०३,५५,०८५.०३ | ५०,५६,४३,६६७.९० | | ५०,५६,४३,६६७.९० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,३९,६४,००५.४४ | ४६,५७,७८,५५६.०३ | | ४६,५७,७८,५५६.०३ | ४४,१८,०८,९७३.४० | | ४४,१८,०८,९७३.४० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६,०२,९२,८९० | १४,४३,६५,२९४ | ० | १४,४३,६५,२९४ | १३,६१,२७,८१२.४० | ० | १३,६१,२७,८१२.४० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७,८७,१९,१७६ | ६,१४,३३,२३८ | ० | ६,१४,३३,२३८ | ४,६६,७३,५०१ | ० | ४,६६,७३,५०१ |
| २५००० सहायता (Subsidy) | १८ | ३,२९,७८,६८२ | २,३९,८३,२४६ | ० | २,३९,८३,२४६ | ३,४९,४७,६६४ | ० | ३,४९,४७,६६४ |
| २६००० अनुदान | १८ | ४३,०४,००० | ३१,७५,९१० | ० | ३१,७५,९१० | ७८,००० | ० | ७८,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,५०,८३,२५७ | २,२६,७६,२१७ | ० | २,२६,७६,२१७ | २१,८१,८५० | ० | २१,८१,८५० |
| २८००० अन्य खर्च | १८ | २०,८२,००० | १७,९३,०७८ | ० | १७,९३,०७८ | २४,४८,१५१ | ० | २४,४८,१५१ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २९,०५,०४,०००.४४ | २०,८३,५१,५७३.०३ | ० | २०,८३,५१,५७३.०३ | २१,८२,०१,९९५ | ० | २१,८२,०१,९९५ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ११,५०,००० | ० | ११,५०,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | १३,४२,८०,५१४.२४ | ३,४५,७६,५२९ | | ३,४५,७६,५२९ | ५०,५६,४३,६६७.९० | | ५०,५६,४३,६६७.९० |
| कोषहरु | | १३,४२,८०,५१४.२४ | २,३३,२२,०८१ | ० | २,३३,२२,०८१ | ५,६५,८५,८३३ | ० | ५,६५,८५,८३३ |
| धरौटी | | ० | १,१३,५०,५३२ | ० | १,१३,५०,५३२ | ७२,४८,८६१.५० | ० | ७२,४८,८६१.५० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (९६,०८४) | | (९६,०८४) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (५,४५,३५,५७९.४४) | ७,२४,५२,८२९.२६ | | ७,२४,५२,८२९.२६ | १,७१,९१,१०१.२२ | | १,७१,९१,१०१.२२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,५६,८५,०५९.४१ | | ६,५६,८५,०५९.४१ | ७,१७,२०,०८०.३३ | | ७,१७,२०,०८०.३३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (५,४५,३५,५७९.४४) | १३,८१,३७,८८८.६७ | | १३,८१,३७,८८८.६७ | ८,८९,११,१८१.५५ | | ८,८९,११,१८१.५५ |
| बैंक तथा नगद बाकी | २४ | | १३,७१,३७,८८८.६७ | | १३,७१,३७,८८८.६७ | ८,९२,८८,८०८.५५ | | ८,९२,८८,८०८.५५ |

३

**अन्तरसरकारी अख्तियारी**

अन्तरसरकारी अख्तियारीवाट प्राप्त कार्यक्रम

आर्थिक स्थिति

२०७७।७८

| अन्तर सरकारी अख्तियारी | निकासा/खर्च |
|---|---|
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९१५९७४४. |
| एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | १३९९१६०० |
| सामाजिक सुरक्षा कार्यक्रम | ७१७३०१३७ |
| जम्मा | ९४८८१४८१.०० |

४

**लेखापरीक्षणको सिमा**

| | | | | |
|---|---|---|---|---|
| | | | लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप यस पटक NAMS(Nepal Audit Management System) मार्फत छनौट गरिका जोखिमका आधारमा वित्तीय विवरण र सोसंग सम्बन्धित कागजात परीक्षण गरिएको छ । पहिलो पटक वेभ वेस प्रतिवेदन जारी गरिएको हुँदा प्रतिवेदनमा समेत सोको प्रभाव पर्न सक्ने हुँदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिने छ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री विष्णुमाया रिमालले २०७७।३।१० गते रु.५० करोड ५५ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानिय तहका प्रमुखले २०७७।३।२६ मा प्रमुख प्रसाशकिय अधिकृतलाई अख्तियारी दिएको पाइयो । | |
| ६ | | | **वित्तीय विवरण**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक रकम |
|---|---|---|---|---|
| १ | ग १.१ आन्तरिक राजस्व खाता | ० | ४७८९९१२.८६ | ४७८९९१३ |
| २ | ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ३५८०७१८६.३६ | ३५८०७१८६ |
| ३ | ग १.३ आन्तरिक अनुदान खाता | ० | ३६४५९२१० | ३६४५९२१० |
| ४ | ग २.२ चालू खर्च खाता- जोर वर्ष | ० | २४०१४७२५.१२ | २४०१४७२५ |
| ५ | ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ८८८५०७.७१ | ८८८५०८ |
| ६ | ग २.७ विविध खर्च खाता | ३८९७०८९ | ९५३६२१ | -२९४३४६८ |
| ७ | ग ३.१ स्थानीय तह धरौटी खाता | ९९६९८९१.७१ | ९०३०८९५.७१ | -९३८९९६ |
| ८ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १०१५१५२५६.७५ | ५८९१९७०४.५१ | -४२५९५५५२ |
| ९ | ग ५.१ स्थानीय तह विविध कोष खाता | २३०१३९९० | १०६९८९९.५४ | -२१९४४०९० |
| १० | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६०५८७४ | २०९४७४३ | ४८८८६९ |
| | बैंक कारोबारमा भिन्नता (संचित कोष खाता र खर्च खाता) | -२८६४२१२.७९ | | २८६४२१३ |
| | जम्मा | १३७१३७८८८.६७ | १७४०२८४०५.८ | ३६८९०५१७.१४ |

उपरोक्त विवरण अनुसार बैंक मौज्दात र श्रेस्ता अनुसारको मौज्दातमा रु.३८६९०५१७।१४ फरक परेको छ । कार्यालयले फरकपर्नाको कारण सहितको बैंक हिसाब मिलानको विवरण तयार गरेको पाइएन ।

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन।


https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइयो ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
खर्च खाता<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा यस आर्थिक वर्षको अन्त्य सम्म चालु खर्च खाता तर्फ रु.२४०१४७२५/- र पुँजीगत खर्च खाता तर्फ रु.८८८५०७/- मौज्दात नै रहेको हुदा स्थानान्तरण गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
जिम्मेवारी<br>
स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा बाँकी रहेको रु.८०६७२९४९/- जिम्मेवारी सार्नु पर्नेमा रु.६५६८५०५९/- मात्र जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१४९८७८९०/- घटी जिम्मेवारी सरेको सम्बन्धमा आवश्यक कारबाही गरी यकिन गर्नुपर्ने देखिएको रु...
</td><td>१४,९८७,८९०</td></tr>
<tr><td>९</td><td></td><td></td><td>
चौमासिक खर्चको स्थिति<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>शिर्षक</td><td>जम्मा</td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>पूंजीगत</td><td>२०८३५१५७३</td><td>१२२९१९३९</td><td>३५७९२९३०</td><td>१६०२६६७०४</td><td>१०४७३५७४४</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>५.९०</td><td>१७.१८</td><td>७६.९२</td><td>५०.२७</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | प्राप्त विवरणको विश्लेषण गर्दा कुल खर्च मध्ये ७६.९२ प्रतिशत खर्च तेस्रो चौमासिकमा र आषाढमा मात्र ५०.२७ प्रतिशत काम भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| १० | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५८५३९४८९ | ३५०२७५४४ | ५९.८४ |
| सामाजिक क्षेत्र | २९०७४९१९२ | २५२९२१५६२ | ८६.१९ |
| पूर्वाधार विकास क्षेत्र | १२१०३५७४४ | ७८३१८२२० | ६४.७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५३२०००० | १२२०६५८० | ७९.६८ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०८३१९५८० | ८७३०४६५० | ८०.५९ |
| **जम्मा** | **५९३९६४००५** | **४६५७७८५५६** | **७८.४१** |

| | | | | |
|---|---|---|---|---|
| ११ | | | **लक्ष्य प्रगति स्थिति**<br>आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । सो पेश नभएबाट बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन । | |
| १२ | | | **अवकास कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको छैन । पालिकाले कार्यविधि बनाई अववकास कोष स्थापना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १३ | | | **आन्तरीक नियन्त्रण प्रणाली**<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा नगरेको ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• शुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• भ्रमण प्रतिवेदन पूर्ण रुपमा कार्यान्वयन नगरेको ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• सम्परीक्षण गोश्वारा अभिलेख राखेको पाइएन। | |
| १४ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट हुन वाकी २ र यो वर्ष थप १५ वटा समेत १७ विवाद दर्ता भएकोमा १४ वटा फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १५ | | | **स्वीकृत दरबन्दी एवं कर्मचारी करार** | १,७१४,३९० |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा संगठन संरचना गरी स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम कार्यालयबाट संगठन संरचना एवं दरबन्दी स्वीकृती सम्बन्धी कार्य भएको छैन ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सब इन्जिनियर-1, असिस्टेण्ट सब इन्जिनियर-३, ल्याव टेक्निसियन -१ गरी 5 जना कर्मचारी करारमा नियुक्ति गरी बर्षभरीमा निजहरुको तलब भत्ता बापत रु.१७१४३९०/÷ भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु... | |
| १६ | | | **समानान्तर कार्यक्रम**<br>स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ । नगरपालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरु नै सर्वसम्मतीले छनौट गरेमा पनी नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिलालाई मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । त्यस्तै स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भाती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता समेत दिँदै आएको छ । त्यस्तै मुटु, क्यान्सर, मृगौला जस्ता कडा एवं दिर्घ रोगीहरुलाई अस्पतालमा उपचार गर्दा लाग्ने उपचार खर्चमा रु.१ लाख सम्मको खर्च नेपाल सरकारले दिँदै आएको छ ।संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १४ मिति २०७८।५।१५ को पत्रअनुसार सामाजिक सुरक्षा र गरिबी निवारण विषय संघको अधिकार सुचिभित्र रहेकोले संघले संचालन गरेका सामाजिक सुरक्षाका कार्यक्रममा समानान्तर थप कार्यक्रम संचालन नगर्न नगराउन अनुरोध गरिआएकोमा यो वर्ष कार्यालयले यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता,महिला स्वयंसेविकालाई प्रोत्साहन भत्ता, दिर्घ रोगीलाई उपचार खर्च आदिमा समानान्तर कार्यक्रम संचालन गरेकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १७ | | | **शिक्षक दरबन्दी र पदपुर्ती**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका ४९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | पदपूर्ति मध्ये राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ४९ विद्यालय | २३९ | २३१ | ४४ | ५६ | ५५६२ |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २४ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको,विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदागाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ । | |
| १८ | | | **विद्यालयगत निकासा अभिलेख**<br>आर्थिक कार्यविधि नियमावलीतथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ । | |
| १९ | | | **विद्यालय छनौट**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन। | |
| २० | | | **विद्यालय अनुगमन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु.१००९६००/-, निशुल्क पाठ्यपुस्तक बापत रु.२२२६६९५/- र दिवा खाजा बापत रु.२६५७८९५/- गरी ४४ विद्यालयहरुलाई रु.५८९४२८०/- निकासा दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रकृया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । तसर्थ कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्याङ्कन हुनुपर्दछ । | |
| २१ | | | **निशुल्क शिक्षाका लागि आरक्षण**<br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भीक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिका क्षेत्र भित्र निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । ऐनमा भएको व्यवस्थाको पालना हुन पर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विद्यार्थी संख्या</td><td>निशुल्क शिक्षाका लागि आरक्षण संख्या</td><td>कैफियत</td></tr>
<tr><td>५०० जना सम्म</td><td>कम्तिमा १० प्रतिशत</td><td></td></tr>
<tr><td>५०० जना देखि ८०० जना सम्म</td><td>कम्तिमा १२ प्रतिशत</td><td></td></tr>
<tr><td>८०० जना भन्दा बढी</td><td>कम्तिमा १५ प्रतिशत</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पार्श्वचित्र<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था रहेको छ । तर पालिकाले हाल सम्म पनि आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको भिलेज प्रोफाइल बनाएको देखिएन ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>सामुदायिक सिकाइ केन्द्र<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ मा स्थानीय तहले नियमितरुपमा चलेका सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको रकम अनुदान दिने र प्रस्तावको आधारमा व्यवस्थापन खर्च रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले देहायका सामुदायिक सिकाइ केन्द्रहरुलाई संचालन अनुदान बापतको रकम निकासा गरेकोमा निर्देशिकामा व्यवस्था भए बमोजिमको माथि उल्लेखित प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु०००
<table>
<tr><td>सि.नं.</td><td>सिकाइ केन्द्रको नाम</td><td>निकासा रकम</td></tr>
<tr><td>१</td><td>डाँफे सामुदायिक सिकाइ केन्द्र</td><td>१२५६००</td></tr>
<tr><td>२</td><td>दानावारी सामुदायिक अध्ययन केन्द्र</td><td>१२५६००</td></tr>
<tr><td>३</td><td>महामाई सामुदायिक सिकाइ केन्द्र</td><td>१२५६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७६८००</td></tr>
</table>
</td><td>३७६,८००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **प्रकोप व्यवस्थापन कोष** | |
| २४.१ | | | **कोषको अवस्था** - यस पालिकाले प्रकोप व्यवस्थापन कोषको नामवाट कोष खडा गरी कार्यविधि बनाई कोभिड नियन्त्रणको कार्य सञ्चालन गरेको देखिन्छ । यस कोषमा गत वर्षको अल्या रु.३००४७५/- र यस वर्षको आम्दानी रु.८१६१८१८/- गरी जम्मा रु.८४६२२९३/- आम्दानी भएकोमा रु.६८८६०१८/- खर्च भई रु.१५७६२७५/- मौज्दात रहेको देखिन्छ।कोषवाट कोभिड नियन्त्रणको कार्यमा देहाय अनुसार खर्च भएको देखिन्छ । | |

| शि नं | शिर्षक | रकम |
|---|---|---|
| १ | क्वारेन्टाइन व्यवस्थापन | १९८२७९३ |
| २ | खाना/खाजा | १५८५३८६ |
| ३ | औषधि तथा सामान खरिद | ६१७३४२ |
| ४ | जोखिम भत्ता | ८९३५४९ |
| ५ | प्रोत्साहन | ६६३६२ |
| ६ | सवारी भाडा | ८३४२०८ |
| ७ | जनचेतना तथा स्वयंसेवक | ४७००९८ |
| ८ | आर्थिक सहयोग | ४३६२८० |
| | जम्मा | ६८८६०१८ |

यससम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्

| | | | | |
|---|---|---|---|---|
| २४.२ | | | **बार्षिक प्रतिवेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति | |

| | | | | |
|---|---|---|---|---|
| | | | तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २४.३ | | | **अभिलेख व्यवस्थापन** - पालिकाले कोभिड नियन्त्रणको लागी यस कोषवाट खरिद गरेको औषधि लगायत सामानहरुको छुट्टै अभिलेख राखेको देखिएन । यसवाट कोभिड नियन्त्रण कार्यमा वास्तविक रुपमा कति औषधि प्रयोग भएको भनी यथार्थ नदेखिने हुदा कोभिड नियन्त्रणको लागी विनियोजित रकमवाट खरिद सामानको छुट्टे अभिलेख खाता राख्नुपर्ने देखिन्छ । | |
| २४.४ | | | **जिन्सी व्यवस्थापन** - नगरपालिकाले कोभिड-१९ को न्युनीकरण सम्बन्धमायस वर्षवाटसंघीय सरकारवाट रु.१००००००/, शिक्षक तलबवाट कट्टा भएको रु.६६१८१८/- र नगरपालिकावाट रु.६५०००००/- निकासा प्राप्त गरेको देखिन्छ । यस सम्बन्धमा भएको सम्पुर्ण आम्दानी अन्य संघ संस्थावाटप्राप्त भएको नगदी जिन्सी वा उपकरणअवस्था खुलाएको पाइएन। नगरकार्यपालिका र नगर सभाबाट यस सम्वन्धीआम्दानी खर्च अनुमोदन र स्वीकृती गरी सार्वजनिकीकरण गरेको छैन । खरिद सामाग्री वितरणको व्यवस्थित भरपाई अभिलेखसमेत रोखेको पाइएन । | |
| २४.५ | | | **कट्टी कर दाखिला** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रकोप व्यवस्थापन कोषमा खर्च रकमवाट कट्टा गरी राखेको कर रु.२९५९९।- दाखिला गरेको नपाइएको सम्बन्धित शीर्षकमा दाखिला गरी प्रमाण पेश हुनुपर्ने रु | २९,५९९ |
| २५ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौटगर्नुपर्नेमा निम्नअनुसारको पेश्की आर्थिक बर्षकोअन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसारअसुल फछ्र्यौंट हुनुपर्ने रु | ३,०९०,९५५ |

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | पेश्की रकम | | पेश्कीको किसिम |
|---|---|---|---|---|
| | | म्याद नाघेको | म्याद ननाघेको | |
| श्री ओम साइराम एसएएस देवी डाडा जे.भी. | २०७८।३।८ | | १२५०००००० | मोविलाइजेशन |
| तिल्केभन्ज्याङ रागापानी करफोक खोला सडक मर्मत उपभोक्ता समिती (सडक वोर्ड) | २०७८।१।२१ | ८५०००० | | उपभोक्ता समिती |
| ढालापानी फुयल चौतारी देखि सिमले सडक स्तरोन्नती उपभोक्ता समिती (सडक वोर्ड) | २०७८।२।२८ | १०००००० | | उपभोक्ता समिती |
| पव्लिक इन्जिनियरीङ एण्ड इन्भाइरनमेन्ट कन्स्ल्ट प्रा.ली. | २०७८।३।२४ | ३४६८५३ | | परामर्शदाता |
| पाथिभरा एजुकेशन फाउण्डेशन प्रा.ली. | २०७८।३।२४ | ३४६८५३ | | परामर्शदाता |
| इकोग्रीन कन्स्ल्टेन्सी प्रा.ली. | २०७८।३।२४ | ३४७२४९ | | परामर्शदाता |
| असोक कट्टेल | २०७८।३।२९ | २००००० | | कर्मचारी |
| **कुल जम्मा** | | **३०९०९५५** | **१२५०००००** | |

२६

**कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार कार्यालयले ठेक्का सम्झौतामा तोकिएको मिति भित्र कार्यसम्पन्न भएमा कार्यस्वीकार वा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा मनासिव कारण बेगर काम नसकिएमा सम्झौतामा उल्लेखित रकममा हर्जाना लगाउनुपर्ने व्यवस्था भएकोमा ठेक्का नं.७। २०७७।७८ शितली सार्वजनिक शौचालयका निर्माण व्यवसायी सम्राज्ञी निर्माण सेवासँग २०७८-२-१५ मा कार्यसम्पन्न गर्ने गरी रु.१९८१०८४।को सम्झौता भएकोमा निर्धारित समयमा कार्य सम्पन्न नभएको र म्याद थप समेत लेखापरीक्षण अवधि (२०७८-९-१९) सम्म भएको देखिएन। यो वर्ष तेश्रो रनिङ विल सम्म रु.१९५६५९६/- भुक्तानी भएकोमा सम्झौतामा तोकिएको मिति भित्र काम सम्पन्न नभएको र पुनःम्याद थप समेत भएको नदेखिंदा सम्झौतामा उल्लेख भए अनुसार क्षतिपूर्ती रकम असूल गरी अविलम्ब कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

१,९८१,०८४

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **प्राविधिक मूल्याङ्कन**<br>सुरक्षित नागरिक आवास कार्यक्रमको लागि छनौट भएका लक्षित वर्गका प्रति परिवारलाई रु.५००००।- दिने गरी विनियोजन गरेको रकम मध्ये प्रथम किस्ता बापत जस्तापाता र काठ लगायतका सामाग्री खरिद गर्न प्रति परिवार रु.३०००।- का दरले ४८३ परीवारलाई रु.१४४९००००।- खर्च लेखेको मध्ये ३५८ को प्राविधिक मुल्यांकन भै दोस्रो किस्ता भुक्तानी हुन र बाँकी १२५ को तोकिए अनुसारको आवास निर्माण कार्य सम्पन्न गरेपछी दोस्रो तथा अन्तिम किस्ताबापतको रकम भुक्तानी हुनेमा कार्यसम्पन्न नभएकोले कार्य सम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु. | ३,७५०,००० |
| २८ | | | **प्रगती प्रतिवेदन**<br>कार्यक्रमकार्यन्वयन पुस्तिकाको अनुसूची-७ मा विद्यालयहरुले भवन निर्माण, नयाँकक्षा कोठा निर्माण, भवन मर्मत, शौचालय निर्माण लगायतका भौतिक निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिकवाट तयार गर्न लगाई स्थानीय तहका शिक्षा अधिकृत/प्रशासकीय प्रमुख, प्राविधिक कर्मचारी, सम्बन्धित विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट समेत प्रमाणित गराई विद्यालय र स्थानीय तहमा एक/एक प्रति राख्ने व्यवस्था मिलाउनु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयले देहायका विद्यालयहरुलाई भौतिक निर्माण कार्यको लागि रकम निकासा दिएकोमा बर्षान्तसम्ममा पनि कार्यसम्पन्न नभएकोले कार्यसम्पन्न गरी सोको प्रतिवेदन पेश हुनुपर्ने रु...<br><br>**विद्यालयको नाम** / **निर्माण कार्य** / **स्वीकृत बजेट**<br>विरेन्द्र मावि / २ कोठे विद्यालय भवन निर्माण / १८०००००<br>चन्द्र ज्योती आवि / २ कोठे विद्यालय भवन निर्माण / १८०००००<br>जनता मावि / २ कोठे विद्यालय भवन निर्माण / १८०००००<br>शिशुसेवा मावि / २ कोठे विद्यालय भवन निर्माण / १८०००००<br> / / **७२०००००** | ७,२००,००० |
| २९ | | | **पेश्की जमानत म्याद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने उल्लेख छ । कार्यालयबाट गत विगत वर्षमा गरुवा खोला पुलका निर्माण व्यवसायीलाई निम्नानुसारको पेश्की प्रदान गरेकोमा निर्माण व्यवसायीले सम्झौता अनुसारको कार्य समयमा नगरेको कारणबाट पेश्की फछ्र्यौट हुन नसकेको तथा निर्माण व्यवसायीले पेश | |

<table>
<tr><td></td><td></td><td></td><td>गरेको पेश्की जमानतको मान्य अवधि समेत समाप्त भइसकेकोमा लेखापरीक्षण अवधि (२०७८।९।१७) सम्म पनि पेश्की जमानतको मान्य अवधि थप भएको प्रमाण पेश हुन आएन । अतः देहाय अनुसार रु.४३७००००।- को पेश्की जमानतको मान्य अवधि थप भएको प्रमाण पेश हुनुपर्दछ ।
<table>
<tr><th>ठेक्का नं</th><th>निर्माण व्यवसायीको नाम</th><th>पेश्की बाँकी रकम</th><th>बैक जमानत मान्य अवधि</th></tr>
<tr><td>२०।२०७६।७७</td><td>सतासी।आरके।झापाली</td><td>४३७००००।</td><td>२०७८।३।२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>पेश्की कट्टा नगरी मूल्य समायोजन भुक्तानी<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ । मूल्य समायोजन रकम गणना गर्दा खरीद संझौताका वखत नै निर्माण व्यवसायीलाई प्रदान गरीएको मोविलाइजेशन पेश्की रकम वरावरको रकममा मूल्यवृद्धिको भार नपर्ने हुदा रनिङ विलवाट फछ्र्यौट गरीएको पेश्की वरावरको रकम कट्टी गरेर मात्र मूल्य समायोजन रकम गणना गर्नुपर्ने देखिन्छ । तर कार्यालयले गरुवा खोला पूलमा सो नगरी पुरै विल रकममा नै मूल्यवृद्धि भुक्तानी दिएको पाइएकोले देहाय अनुसार हुने बढी मूल्य समायोजन रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>ठेक्का नं</th><th>निर्माण व्यवसायिको नाम</th><th>रनिङ विल नं</th><th>मू.अ. कर वाहेकको रकम</th><th>पेश्की रकम</th><th>मूल्य समायोजन योग्य रकम</th><th>मूल्य समायोजन फ्याक्टर</th><th>दिनुपर्ने मूल्य समायोजन रु</th><th>दिएको मूल्य समायोजन रु</th><th>वढि मूल्य समायोजन रु.मू.अ कर समेत</th></tr>
<tr><td>२०।२०७६।७७</td><td>सतासी।आरके।झापाली</td><td>१</td><td>४५१८१४२</td><td>४३७००००</td><td>१४८१४२</td><td>०।०४</td><td>५९२५</td><td>१८०२८९</td><td>१९७०३१</td></tr>
</table>
</td><td>१९७,०३१</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>ठेक्का अभिलेख<br>निर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारीका लागि उक्त अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन ।जसले गर्दा कार्यालयवाट भए गरेका ठेक्काको विश्लेसन गर्न सकिएन।अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **मूल्य अभिवृद्धि कर कट्टी**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.५४७५८।८७ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ५४,७५८ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मु.अ.कर कर रकम | ५० प्रतिशत मु.अ.कर रकम |
|---|---|---|---|---|
| ३६।९।२१ | नसिप निर्माण सेवा | १७८३०७।२५ | २०५१३।२२ | १०२५६।६१ |
| ८५।११।२६ | सोताङ एण्ड दिम्माली निर्माण सेवा | २८०१५४।८७ | ३२२३०।२१ | १६११५।१ |
| १०४।१२।८ | सुजल निर्माण सेवा | ४९३५००। | ५६७७४।३३ | २८३८७।१६ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **नन फाइलर**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका फर्महरुलाई मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर सर्च गर्दा उक्तफर्महरु नन फाइलर रहेको (मू.अ.कर विवरण दाखिला नगरेको) देखिएकोले निम्नानुसार रु.२२४५३७०।- को कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | २,२४५,३७० |

| ठेक्का नं | भौ नं | निर्माण व्यवसायीको नाम | स्थायी लेखा नं | मुल्यअभिवृद्धी कर | Non filer Since |
|---|---|---|---|---|---|
| २०।२०७६।७७ | ५६, ७४, ४१७ | सतासी।आरके।झापाली | ६१३३३०२१७ | ७६९७९२ | २०७७।M।११ |
| १७।२०७६।७७ | ५,१२,३९७ | जय मात्रीभूमि कन्स्ट्रक्सन | ६०६५२३९०३ | २२६१८२ | २०७७।M।१२ |
| डिपिआर | ० | विराट प्राविधिक शिक्षा एवं परामर्श प्रा.ली. | ६०६६४२५६५ | १७१६०० | २०७७।M।१२ |
| २१।२०७६।७७ | २,५,१३५, २०,३० | झरीपा निर्माण सेवा | ६००७२०२१८ लाइ केरमेट गरी ६००७२००१८ | ९५४८६१ | प्यान नं केरमेट गरेको |
| १२।२०७६।७७ | २ | झरीपा निर्माण सेवा | ६००७२०२१८ लाइ केरमेट गरी ६००७२००१८ | १२२९३५ | प्यान नं केरमेट गरेको |

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | **भेरीयसन कार्यमा कोटेशन**<br>कार्यालयले (दुइ छुट्टाछुट्टै ठेक्का ) नगरपालिका भवनको निर्माण कार्य २१ प्रतिशत भेरीयसन गरी रु १८३६८४२६। र सोहि भवनको माथि प्रशासकिय भवन (सेमिनार )**को** निर्माण कार्य ३५ प्रतिशत भेरीयसन गरी रु.८२९९९४९।-को कार्य सम्पन्न भएकोमा पुनःकोटेशनवाट नगरपालिका भवनभित्रका निम्न कार्य निम्न निर्माण व्यवसायिवाट गराई खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु. | १,३४०,०५७ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | निर्माण कार्य | रकम मु.अ.कर समेत |
|---|---|---|---|
| १०४।१२।८ | सुजल निर्माण सेवा | नगरपालिका कम्पाउण्डवाल चाइनिज डेकोरेटिभ | ४९३५०० |
| ४०४।३।२७ | आनन्द विल्डर्स | नगरपालिकामा पार्किङ स्थल निर्माण | ४८६६६६ |
| ४२१।३।३० | माइ भगवती निर्माण सेवा | कार्यालयभित्र ह्वालेटमा टायल्स | ३५९८९१ |
| | जम्मा | | १३४००५७ |

३५

२,४७५

**कर कट्टी**

निम्न भौचर र मितिवाट निम्न संस्थाले ढुवानी खर्च वापत निम्न रकम दावि गरीभुक्तानी लिएकोमा आयकर ऐन २०५८ वमोजिम ढुवानी कर कट्ट नगरेको रु.२४७५/- असूल हुनुपर्ने रु २४७५

| भौचर नं मिति | संस्थाको नाम | ढुवानी रकम | २.५ प्रतिशत ढुवानी कर |
|---|---|---|---|
| ४६।२०७८।३।२२ | दिप ज्योति सहकारी संस्था | ५०००० | १२५० |
| ४६।२०७८।३।२२ | जानुका कृषि सहकारी संस्था | १२००० | ३०० |
| ४६।२०७८।३।२२ | याक्थुम कृषि तथा पशुपालन फर्म | ३७००० | ९२५ |

३६

**शित भण्डार**

कार्यालयले शित भण्डार भवन निर्माण गर्न नसिव निर्माण सेवासंग २०७७।१०।३० मा कार्य सम्पन्न गर्ने गरी रु.४५८१६४१।- को संम्झौता भएकोमा भेरीयसन गरी रु.४५८४४१५।- को कार्य २०७७।१०।२८ मा सम्पन्न भएको पाइयो।तर उक्त शित भण्डार भवनको स्थलगत निरीक्षण २०७८।९।१५ मा गर्दा भवन प्रयोग विहिन अवस्थामा छ ।शित भण्डार भवन सम्पन्न भएको करीव ११ महिनासम्म पनि भवन प्रयोग विहिन रहनुले भवनको औचित्य पुष्टी हुन आएन ।

३७

६,२२३,९६५

**टुक्रा पारी खरीद**

सार्वजनकि खरदि ऐन, २०६३ को दफा ८ बमोजमि प्रतस्पिर्धा समिति नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरीद नियमावलीमा रु.५ लाखसम्मको खरदि कार्य सोझै र रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने

व्यवस्था छ। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको कामलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमित नदेखिएको रु.

| भौ नं र मिति | कार्य | फर्मको नाम | रकम |
|---|---|---|---|
| २-२०७७।६।९ | ४थान मोटर साइकल | सयपत्री ट्रेड लिंक | ९२६१९० |
| | १ थान मोटर साइकल | मेचि पावर मोवाइल ट्रेड | २६१९०० |
| १४९-२०७८।१।६ | २ थान मोटर साइकल | सयपत्री ट्रेड लिंक | ४८५८०० |
| ३३९-२०७८।३।२४ | १ थान मोटर साइकल | सयपत्री ट्रेड लिंक | २४२९०० |
| ३९०-२०७८।३।२६ | १ थान एक्स आर मोटर साइकल | वुध्द इन्टरप्राइजेज | ५४९९०० |
| ११९-२०७७।१२।१३ | भूमि व्यवस्थापन सम्वन्धी आवश्यक सामाग्री(टोटल स्टेसन ल्यापट, कम्पुटर समेत) | नमा ट्रेडिङ एण्ड सप्लायर्स प्रा लि | ४८४७७० |
| | | क्वालिटी कम्प्यूटर | ४७६१९९ |
| | | कोशिका ट्रेडर्स एण्ड सप्लायर्स प्रा ली | १३१०८० |
| १३७-२०७७।१२।१७ | भूमि व्यवस्थापन सम्वन्धी आवश्यक सामाग्री(टोटल स्टेसन कम्पुटर, प्रिन्टर समेत) | फ्यूचर हव ट्रेडिङ | ४८५१०९ |
| | | क्वालिटी कम्पुटर | २०५७०० |
| ४१४-२०७८।३।२९ | भूमि व्यवस्थापन सम्वन्धी आवश्यक सामाग्री(टोटल स्टेसन पार्टस) | कोशिका ट्रेडर्स एण्ड सप्लायर्स प्रा.ली. | ४८७०३० |
| ३५८-२०७८।३।२४ | कार्यालय फर्निचर व्यवस्थापन(पर्दा कार्पेट खरीद ) | देव्यान्सी द डेकोरेटर सुनसरी | ४९७७७९ |
| | | | |

| | | | |
|---|---|---|---|
| ३५९-२०७८।३।२४ | कार्यालय फर्निचर व्यवस्थापन(टेवल सोफासेट खरीद ) | खगेन्द्र काष्ठ फर्निचर उद्धोग झापा | ४९६९५९ |
| ४६-२०७८।३।२२ | सहकारी संस्थाले मिल्क चिलिम म्याट खरीद | अनिस इन्जिनियरीङ विराटनगर | ४९२६४९ |
| | | जम्मा | ६२२३९६५ |

३८

**जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएकोमा कार्य सम्पन्न गर्दा घटी मूल्यांकन देखिंदा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम उपभोक्ता समितिवाट असूल हुनुपर्ने रु.

| **उपभोक्ता समिति र काम** | **बजेट** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|
| अधेरी खोला मुहान गरी रागापानी सम्मको कूलो निर्माण उपभोक्ता समिती | ८००००० | ९६१९८९ | ९४६८९२ | ५१२२ |
| गरुवा खोला पुलदेखि दक्षिण क्षेत्रको दूवैपट्टी वाध निर्माण उपभोक्ता समिती | १५०२००० | १८७७५८० | १८६५७३० | ९४१४ |

१४,५३६

३९

**हेभि इक्विपमेन्ट प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित गरुवा खोला पुलदेखि दक्षिण क्षेत्रको दूवैपट्टी वाध निर्माण उपभोक्ता समितिले

| | | | | |
|---|---|---|---|---|
| | | | रु.१८७७५८०।- को लागत अनुमानमा रु.१२९५९९९।- एक्साभेटर मेशिन प्रयोग गरी खर्च गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ४० | | | **दोहोरो भुक्तानी**<br>सुखानी खानेपानीको पाइपलाइन खन्ने तथा पुर्ने योजना उपभोक्ता समितिलाई रु.४५००००।- भुक्तानी खर्च लेखेकोमा उक्त समितिले भुक्तानी लिएको रकम गोर्खा वेल्फेयर ट्रष्टले पनि सोहि कार्य सुखानी खानेपानी आयोजनाको कार्य गर्दा उपभोक्ता समितिसंग सम्झौता गरी पाइपलाइन खन्ने तथा पुर्ने कार्य समेत सोही ट्रष्टसंग गरिसकेको अवस्थामा उपभोक्ता समितिवाट सोही स्थानको कार्यको नापजाँच गरी गराई दोहोरो भुक्तानी लिएको देखिएकोलेयस्ता किसिमका आयोजना अन्यपनि हुन सक्ने हुंदा कार्यालयवाट छानविन गरी यथार्थता एकिन हुनुपर्ने देखिएको रु. | ४५०,००० |
| ४१ | | | **पूजिगत वजेटवाट चालू खर्च**<br>कार्यालयले गरुवा क्याम्पस व्यवस्थापनमा शिक्षकहरुको तलव रु.१४३७०००।- समेत पूंजिगत वजेट शिर्षकवाट खर्च लेखेको पाइयो। चालु प्रकृतीको कार्यमा पूंजिगत वजेट खर्च गरेकोले नियमसम्मत नदेखिएको रु | १,४३७,००० |
| ४२ | | | **बढी भुक्तानी**<br>प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ बमोजिम कर्मचारीहरुलाई तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रममा नर्म्सअनुसार भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि २ दिने अभिमुखीकरण तालिम २०७७।४।२९ र ३० मा संचालन गर्दा ६ जना प्रशिक्षकलाई २१ सेसनको रकम भुक्तानी भएको पाइयो । निर्देशिका अनुसार प्रति दिन ४ सेसन भन्दा बढी कक्षा संचालन हुन नहुने उल्लेख भएकोमा २ दिने तालिममा बढीमा ८ सेसनको मात्र रकम भुक्तानी हुनुपर्ने देखिन्छ । यसरी २१ सेसन तालिमको प्रति सेसन रु.१५०० का दरेल रु.३१५०० भुक्तानी भएकोमा पाउने ८ सेसन कटाई बढी हुने १३ सेसनको प्रति सेसन रु.१५०० मा कर घटाई रु.१६५७५ नियमले पाउने भन्दा बढी भुक्तानी भएकोले असुल हुनुपर्ने रु.. | १६,५७५ |
| ४३ | | | **फरक दररेट**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार पाँच लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्दा मौज्दात सूचीमा रहेका कम्तिमा तीनवटा आपुर्तिकर्ता निर्माण व्यवसारी परामर्शदाता वा सेवा प्रदायकवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागको स्वीकृत कार्यक्रम अनुसार व्यक्तिगत घटना दर्ता किताब डिजिटाइजेशन कार्य गर्न रु.३२५०००।- बजेट विनियोजन भएकोमा तीन फर्मसंग दररेट माग गरी सबै भन्दा घटी दररेट पेश गर्ने गन्तव्य टेक्निकल इन्नोभेसन प्रालिको प्रति डाटा (स्क्यान प्रति र कम्प्युटर प्रविष्ट समेत) रु.८।०९ लाई स्वीकृत नगरी बढी दर पेश गर्ने एन एस कलेज अफ सफ्टवयर एण्ड हार्डवयर इन्जिनियरिङको प्रति | ९३,९३२ |

डाटा (स्क्यान प्रति र कम्प्युटर प्रविष्ट समेत) रु.११।३८ लाई स्वीकृत गरी कार्यक्रम गरेकोले देहाय बमोजिम रु.९३९३२।- बढी भुक्तानी भएकोले कार्यालयलाई बढी व्ययभार परेको रु

| डिजिटाइजेशन हुनुपर्ने संख्या | पेश भएको घटी दररेट प्रति डाटा | स्वीकृत दररेट प्रति डाटा | फरक दररेट प्रति डाटा | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| २८५५१ | ८.०९ | ११.३८ | ३.२९ | ९३९३२ |

४४

**नर्म्स भन्दा बढी भुक्तानी**

२०५,२४३

उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्माण सम्बन्धी कार्यहरुको लागत अनुमान तयार गर्ने प्रयोजनको लागी विभिन्न आइटम कामको दर विश्लेषण गर्दा तोकिएको नर्मस तथा निर्धारित दररेटलाई आधार लिई यकिन गर्नुपर्दछ । नगरपालिकाले देहायको आइटमको काममा स्वीकृत दर विश्लेषणमा उल्लेखित दर भन्दा बढी दर राखि लागत अनुमान तयार गरेको र सोहि बमोजिम बढी भुक्तानी भएकोले रु.२०५२४३।- कार्यालयलाई व्ययभार भएको रु..

| योजनाको नाम | कामको विवरण | कामको परिमाण (घन मिटरमा) | दर विश्लेषणको दर | लागत अनुमानको दर | बढी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| लोसे देखि मैनाचुली जाने गोरेटो बाटो निर्माण योजना | नरम माटो खन्ने | ११११.९३ | २५८.५० | ३१०.२० | ५१.७० | ५७४८६ |
| बरक पोखरी स्तरोन्नती | नरम माटो खन्ने | १४२८.९९ | २५८.५० | ३६१.९० | १०३.४ | १४७७५७ |
| जम्मा | | | | | | २०५२४३ |

४५

**प्रमाण पेश**

१,४५४,९००

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका गोश्वारा भौचरहरुमा खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु संलग्न नगरेको देखियो । यसरी खर्चको पुष्टयाई प्रमाण नभएको खर्च रकमको सम्बन्धमा आधिकारिक प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित कर्मचारीलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.....

| भौ नं. र मिति | खर्चको विवरण | भुक्तानी लिनेको नाम | खर्च लेखेको रकम | कैफियत |
|---|---|---|---|---|
| १५६-२०७८।३।२४ | गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम | नविन कुमार पौड्याल | २००००० | पेश्की फछर्यौटको बिल भरपाई पेश नभएको |
| १७१-२०७८।३।२६ | स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुको लागि अनुगमन तथा मुल्यांकन | विभिन्न कर्मचारी र पदाधिकारी | ५५००० | खर्चको विल भरपाइ नभएको |
| ३४-२०७८।३।२२ | विद्यार्थीका लागि अंग्रेजी पाठ्यपुस्तक सहयोग कार्यक्रम | १-५ कक्षा संचालन भएका ३३ विद्यालयलाई निकासा | ११९९९०० | खरिद विल भरपाइ, दाखिला रिपोर्ट तथा प्रगति प्रतिवेदन संलग्न नभएको |
| | जम्मा | | १४५४९०० | |

| | | | | |
|---|---|---|---|---|
| ४६ | | | **प्रविधि हस्तान्तरण**<br>लघु उद्यमीलाई बार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यावसायिक योजना अनुसार कार्यक्रम र बजेटको परिधिभित्र रही लघु उद्यमी, लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा रहेको छ । यसरी हस्तान्तरण भएका प्रविधिहरुको कुल अंकको कम्तीमा वीस प्रतिशत रकम उद्यमीलाई जम्मा गर्न लगाउनु पर्नेमा कार्यालयवाट रु.३१०६९५/- मा खरिद भएको (हेभ्भी सिलाई मेसिन-७ थान, ग्रिन नेट-७ थान, प्लाष्टिक टनेल-१४ थान र स्प्रेयर ट्यांकी-१४ थान) प्रविधि हस्तान्तरण गर्दा वीस प्रतिशतले हुने रु.६२१३९/- संघीय राजस्वमा दाखिला गरेको प्रमाण हुनुपर्ने रु... | ६२,१३९ |
| ४७ | | | **धरौटी फिर्ता कर समायोजन**<br>सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा धरौटी रकम फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट जारी गरिएको कर चुक्ता प्रमाणपत्र तथा कर समायोजन पत्र पेश गरेपछि मात्र फिर्ता गर्नुपर्ने व्यवस्था छ । कुन्वोसाङ निर्माण सेवा प्रा.ली.लाइ कट्टी गरिराखेको धरौटी रकम फिर्ता दिँदा कर चुक्ता प्रमाण पत्र र मु.अ.कर समायोजन पत्र संलग्न नगरी रु.१२७६२५।- धरौटी रकम फिर्ता खर्च लेखेकोले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १२७,६२५ |

<table>
<tr><td>४८</td><td></td><td></td><td>शैक्षिक सामाग्री खरिद र व्यवस्थापन<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट माध्यमिक तहमा गणित, अंग्रेजी, विज्ञान विषय पढाइरहेको शिक्षकको ल्याव तथा पुस्तकालय एवं स्मार्ट कक्षाको माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव माग गरी छनौट भएका विद्यालयलाई दिएको अनुदान रकमबाट सार्वजनिक खरिद ऐन, नियमावलीको प्रक्रिया पूरा गरी विद्यालयले शैक्षिक सामग्री खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुदान बापत देहायका विद्यालयहरुलाई रु.१९५००००।- निकासा गरेकोमा कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम विद्यालयले खरिद ऐन नियमको पालना गरी सामग्री खरिद गरेको पाइएन भने खरिद भएका उक्त सामान आफ्नो विद्यालयको जिन्सी खातामा आम्दानी बाँधी कार्य सञ्चालन गरेको प्रमाण समेत पेश गरेको देखिएन । अतः विद्यालयहरुले खरिद गरेका सामग्रीको जिन्सी आम्दानी, कार्य सञ्चालन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि°नं</th><th>विद्यालयको नाम</th><th>पुस्तकालय व्यवस्थापन</th><th>ICTव्यवस्थापन</th><th>विज्ञान प्रयोगशाला</th><th>जम्मा</th></tr>
<tr><td>1.</td><td>सरस्वती मावि</td><td>-</td><td>-</td><td>६५००००</td><td>६५००००</td></tr>
<tr><td>2.</td><td>शिशुसेवा मावि</td><td>६५००००</td><td>-</td><td>-</td><td>६५००००</td></tr>
<tr><td>3.</td><td>हिमालय मावि</td><td>-</td><td>६५००००</td><td>-</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१९५००००</td></tr>
</table></td><td>१,९५०,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम<br>कोभिड-19 का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम अनुसार पालिकाले अन्तर्गतका विद्यालयहरुमा स्वास्थ्य सुरक्षा सामाग्री व्यवस्थापन गर्न सामुदायिक विद्यालयमा अध्ययनरत पुर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु.200/- का दरले ६१९६ विद्यार्थीलाई रु.१२३९२००/- अनुदन दिएको छ । पालिकाले निकासा दिएको उक्त अनुदान रकमवाट स्वास्थ्य सुरक्षाका मापदण्ड विकास गर्न खर्च गरी सोको विल भरपाई र विवरण पेश गर्नु पर्ने तथा पालिकाले सम्पादित कार्यहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरी कार्य प्रगति तयार गर्नुपर्नेमा सो भए गरको नपाइएकोले निकासा भएको अनुदान रकम सम्बन्धित क्षेत्रमा उपयोग भएको छ भन्ने आधार नभएकोले सोको विल भरपाई तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु...</td><td>१,२३८,२००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>वितरण प्रमाण</td><td>१,५४८,८१८</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ। पालिकाले यस आ.ब.मा १९३६२ प्याकेट सेनिटरी प्याड खरिद गरी रु.१५४८८१८।- खर्च गरेको छ। पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी विद्यालयहरुले सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन। कोभिड-१९ को कारणले विद्यालय बन्द भएको अवस्थामा ती सामान खरिद गर्नुपर्ने अवस्था नदेखिएको तथा लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा ह्रास हुने अवस्था रहेको समेत देखिएको छ। वास्तविक आवश्यकताको आधारमा खरिद नहुँदा खर्चमा मितव्ययिता राखेको पाइएन । तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु... | |
| ५१ | | | **लैंगिक हिंसा निवारण कोष**<br>पालिकाले लैंगिक हिंसा निवारणका लागि संघीय सशर्तवाट रु.१०००००।- र प्रदेश सशर्तवाट रु.१०००००।- समेत रु.२०००००।- विनियोजन भएकोमा उक्त रकम विविध कोष खातामा जम्मा गरेको पाइयो । मन्त्रिपरिषद्को मिति २०७६।८।२० को निर्णयानुसार सबै पालिकाले स्थानीय लैंगिक हिंसा निवारण कोष खडा गरी प्राप्त भएको रकम उक्त कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोमा सो भए गरेको पाइएन। पालिकाले लैंगिक हिंसा निवारण कोष खडा गरी विविध कोषमा जम्मा भएको रकम स्थानान्तरण गरी कार्य संचालन गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ । | |
| ५२ | | | **अनुगमन प्रतिवेदन**<br>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ दफा ३ को अनुसूची १ अनुसार पालिकाका पदाधिकारीलाई अनुगमन सुविधा दिने व्यवस्था रहेको छ । त्यस्तो अनुगमन भत्ता प्राप्त गर्ने पदाधिकारीले अनुगमन गरेर फर्केपछि अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ । तर पालिकाले मासिक रुपमा पालिकाको पदाधिकारीहरुलाई अनुगमन भत्ता उपलब्ध गराए पनि अनुगमन प्रतिवेदन संलग्न राखेको नदेखिदा अनुगमन प्रतिवेदन संलग्न राखेर मात्र अनुगमन सुविधा खर्च लेख्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५३ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शीर्षकबाट वडा कार्यालय बाहेक पालिका कार्यालयतर्फ मात्र खाना तथा विविधतर्फ २५९८११२/ खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ। | |
| ५४ | | | **कृषक अनुदान**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको देखिदैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यो वर्ष पालिकाले बोका खरिद गर्दा रु. २४५००० खर्च गरेकोमा बीमा नगरेको र वितरण गरिसकेपछि अनुगमन गरेको समेत नदेखिएकोले सो सम्बन्धमा सुधार हुनुपर्ने देखिन्छ । | |
| ५५ | | | **प्रमाण पेश**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।नवयुग मिडिया प्रा लि लाई विभिन्न मितिहरुमा नेपाली राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेवापतको रकम भुक्तानी गर्दा फोटोकपी विजकको आधारमा भुक्तानी गरेको देखिन्छ । कुन कुन मितिमा के कति सुचना प्रकाशन गरेको हो खुल्ने कुनै पनि प्रमाण कागजातहरु संलग्न नभएकोले प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु | १०५,९२५ |
| ५६ | | | **स्वास्थ्य वीमा कार्यक्रम**<br>नेपाल सरकारको स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य बिमा गराएका सर्वसाधारण जनताले स्वास्थ्य संस्थामार्फत उपचार गराउँदा लागेको औषधि उपचार खर्च स्वास्थ्य बिमा बोर्ड मार्फत शोधभर्ना भई यस वर्ष अपांग, लोपोन्मुख तथा दिर्घरोगीहरुको प्रति व्यक्ति।परिवार रु.३५००।- का दरले रु.१०५११९४०।- खर्च गरेको देखियो । यस प्रकारको रकम खर्च गर्दा एक समिति निर्माण गरी सो समितिको सिफारिसमा खर्चका बिल भरपाईको अभिलेख छुट्टै राखी खर्चलाई थप व्यवस्थित बनाउनु पर्नेमा समिति नै नबनाई अन्य बजेट उपशीर्षकको खर्चमा समावेश गरी खर्च गर्ने गरेको देखियो । यसले गर्दा खर्चको यथार्थता एवं पारदर्शिता र सुनिश्चितता यकिन हुन सकेन । तसर्थ यसमा सुधार हुनुपर्दछ । | |
| ५७ | | | **समानिकरण अनुदानवाट शिक्षकको तलब भत्ता**<br>विद्यालयले भर्ना गरेका निजी शिक्षकको तलब भत्ता खर्च आफ्नो आन्तरिक श्रोत बाट व्योहर्नु पर्दछ । विभिन्न विद्यालयले भर्ना गरेका निजी शिक्षकको तलब भत्ता बापत समानिकरण अनुदान बाट पालिकाले यस वर्ष रु.४४५११३१/- तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ५८ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक भुक्तानी गर्दा तोके बमोजिम १० देखि ३० प्रतिशतसम्म कर कट्टा गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारका कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा पूर्ण रुपमा कर हिसाब गरी कर कट्टा तथा दाखिला गरेको पाइएन । तसर्थ निम्नानुसारको नपुग कर रु.४४६९४।- असुल गरी दाखिला गर्नुपर्ने रु | ४४,६९४ |

| सि नं | पद | नाम दर | करयोग्य आय | लाग्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्र अ | विष्णु कुमार थेगुवा | ४९४८४२ | ८९८४ | ५००५ | ३९७९ |
| २ | मेडिकल अधिकृत | डा° रामकृष्ण आचार्य | ६३०००० | ३०५०० | ६६०० | २३९०० |
| ३ | हे अ छैठौ | पुष्कर कट्टेल | ५२४३४२ | ११९३४ | ५२९६ | ६६३८ |
| ४ | अनमी पाँचौ | सुशिला गिरी | ४८४०९६ | ७९०९ | ४७०२ | ३२०७ |
| ५ | सिअनमी | शशिकला राई | ४८४०९६ | ७९०९ | ४७०२ | ३२०७ |
| ६ | अनमी पाँचौ | कमला श्रेष्ठ | ४८९६५५ | ८४६५ | ४७०२ | ३७६३ |
| | **जम्मा** | | | | | **४४६९४** |

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **विद्यालय कर्मचारी**<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६।७७ माआधारभुत तथा माध्यामिक तह संचालन भएका विद्यालयमा सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारीहरु व्यवस्थापनका लागि कक्षा १-८ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगी र १-१० तथा १-१२ सम्म चलेका विद्यालयलाई १ जना सहयोगी र १ जना विद्यालय सहायक कर्मचारी राखी १३ महिना बराबरको पारिश्रमिक अनुदान दिने व्यवस्था रहेको छ । तर पालिकाले देहाय बमोजिमका विद्यालयलाई १ जना बढि सहयोगी कर्मचारीको १३ महिनाको पारिश्रमिक अनुदान खर्च लेखेको देखियो यसरी निर्देशिकाले तोकिदिएको संख्या भन्दा बढी संख्याको सहयोगी कर्मचारी पारिश्रमिक खर्च लेखेको रकम रु.६००००।- असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु... | ६०,००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विद्यालयको नाम</th><th>अवधी</th><th>अनुदान दिनुपर्ने संख्या</th><th>अनुदान दिएको संख्या</th><th>अनुदान दिनुपर्ने रकम</th><th>अनुदान रकम</th><th>बढी रकम</th></tr>
<tr><td>श्री लक्ष्मी आदर्श मावि</td><td>२०७७ श्रावण देखि २०७८ असार सम्म</td><td>२</td><td>३</td><td>२४७०००</td><td>२९९०००</td><td>५२०००</td></tr>
<tr><td>श्री कन्काइ मावि</td><td>श्रावण र भाद्र</td><td>२</td><td>३</td><td>३८०००</td><td>४६०००</td><td>८०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>६००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td>१६९</td><td>२०७८-३-२६</td><td>
शिक्षण सिकाई सहयोग अनुदान<br>
कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ बमोजिम संचालनमा रहेको विद्यालयहरु मध्ये कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयले माध्यामिक तह(९-१०) मा गणित, विज्ञान र अंगेजी शिक्षक मध्येवाट १ जना शिक्षक व्यवस्थापन गरी सोको प्रमाण पेश गरेमा त्यस्ता विद्यालयलाई मात्र अनुदान दिइने व्यवस्था छ । शिक्षण सिकाई सहयोग अनुदान शिर्षकमा देहायका विद्यालयहरुलाई रकम निकासा भएकोमा शिक्षक व्यवस्था भएको प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>सरस्वती माध्यामिक विद्यालय</td><td>४३१८८०</td></tr>
<tr><td>२</td><td>श्रीकृष्ण माध्यामिक विद्यालय</td><td>४३१८८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८६३७६०</td></tr>
</table>
</td><td>८६३,७६०</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>
प्रोत्साहन भत्ता<br>
कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ६ अनुसार कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता बापतको रकम सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले नै जोखिम भत्ताको व्यवस्था गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले २०७७ चैत्र देखि २०७८ असार मसान्तसम्म स्वास्थ्यकर्मीलाई तलबको २५ देखि ५० प्रतिशतसम्म जोखिम भत्ता उपलब्ध गराएको छ । पालिकाले क्वारेन्टाइनमा अतिरिक्त समय काम गरेबापत भनि पुनः देहाय बमोजिमका कर्मचारीलाई रु.३०३६३।- प्रोत्सान भत्ता खर्च लेखेकोले नियमानुसार दिन नमिल्ने दोहोरो भत्ता रकम असुल गरी दाखिला हुनुपर्ने रु...
</td><td>३०,३६३</td></tr>
</table>

| सि.नं. | कर्मचारीको नाम | अतिरिक्त समय काम गरे बापतको प्रोत्साहन रकम | पारिश्रमिक कर कट्टि पछिको रकम |
|---|---|---|---|
| १ | पुष्कर कट्टेल | १६९३७ | १४३९६ |
| २ | जिवनलाल ताजपुरीया | १८७८५ | १५९६७ |
| | जम्मा | | ३०३६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६२ | | | | **अग्रिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु./÷ अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु... | ५२,०१० |

| भौ नं. र मिति | करको प्रकार | भुक्तानी लिनेको नाम | भुक्तानी विवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|---|
| ५४-२०७७।१२।२३ | अग्रिम आय कर १५ प्रतिशत | विभिन्न १२ जना कर्मचारी | महिला वालवालिका तथा जेष्ठ नागरिक, अपाङ्गता भएका र यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलनको अतिरिक्त भत्ता | ३७२०० | ५५८० |
| १११-२०७८।३।१४ | ,, | पुष्कर कट्टेल | पालिका स्तरमा खोप र सरसफाइ प्रवर्द्धन कार्यक्रम तथा वडा खोप सम्वय समितिको १ दिने गोष्ठी | ८५००० | ७०५१ (कर रु०५६९९कट्टा भइ नपुग) |
| १५४-२०७८।३।२३ | अग्रिम कर | पुष्कर कट्टेल | पोषण कार्यक्रम | २५८८६५ | ३८८३ |
| | अग्रिम आयकर | | | १३२०४८ | १९८०७ |
| १४-२०७७।९।१६ प्रदेश चालु | अग्रिम आयकर | दिव्य चाम्लिङ | करुणा फउण्डेशन कार्यक्रम अन्तर्गत स्वास्थ्य कार्यक्रम | ७९२६ | ११८९ |
| ५९-२०७८।३।२४ | ,, | नविन कुमार पौड्याल | करुणा फउण्डेशन कार्यक्रम अन्तर्गत हेरचाहको लागि उत्प्रेरणा | ९०००० | १३५०० |
| ,, | बहालकर | ,, | ,, | १०००० | १००० |
| **जम्मा** | | | | | **५२०१०** |

६३ **आम्दानी अभिलेख**


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | नगरपालिकाले विभिन्न श्रोतको आम्दानी संकलन गर्दा यथासम्भव सफ्टवेयरको प्रयोग गरी बैङ्किङ प्रणाली मार्फत गर्नुपर्दछ । नगरपालिका अन्तर्गतका सबै वडाहरुमा उक्त सफ्टवेयर सुविधा उपलब्ध हुन नसकी म्यानुवल तवरले नगदी रसिद मार्फत आय संकलन गर्नु पर्ने अवस्थामा नगदी रसिदको आम्दानी खर्च र बाँकीको स्पष्ट अभिलेख देखिने गरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रयोग भएका नगदी रसिदको दैनिक आम्दानीलाई दैनिक आम्दानी खातामा प्रविष्ट गरी सो को दैनिक जोड जम्मा देखाई तोकिएको समय भित्रै नगद रकम बैंक दाखिला गरी आम्दानीको हिसाबलाई स्पष्ट र पारदर्शी बनाउनु पर्दछ<br>नगरपालिकामा यस वर्ष नगरपालिकाको तर्फबाट रु.१३३६३७२०/- र अन्य सम्पूर्ण वडाहरुको रु.२५८६७८६/- गरी जम्मा रु.१५९५०५०६/- आम्दानी भएको छ ।<br>· नगरपालिकामा यस वर्ष नगदी रसिदको प्रयोग गरी ९ र १० नं वडाहरुको रु.५८४९०५/-आन्तरिक आय आर्जन गरेको देखियो ।पालिका अन्तर्गतका वडाहरुले नगदी रसिदको प्रयोग गरी प्राप्त गरेको आम्दानीलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गर्ने गरेको देखिएन । जसले गर्दा दैनिक एवं मासिक रुपमा प्राप्त आम्दानी एवं बैंक दाखिलाको स्थिती एकिन गर्न सकिएन । प्राप्त गरेको आम्दानी आर्थिक कार्यविधि ऐन एवं नियमावलीले तोकिदिएको अवधि भित्र बैंक दाखिला गर्नुपर्नेमा नगरी अधिकांश रकम आर्थिक वर्षको अन्त्यमा दाखिला गर्ने गरेको देखियो ।<br>· नमुना छनौट गरी नगर कार्यपालिकाको कार्यालय तथा बढी आय आर्जन गर्ने वडा नं. २ र ९ को आन्तरिक आय परिक्षण गर्दा वडा नं. ५ को आय रु. ३५६५९१/-र वडा नं. ९ को आय रु. ३०५३३२/- देखियो । वडाहरुले आम्दानी रकम बैंक दाखिला गर्दा १ महिना देखि २ महिना सम्म ढिला गरी बैंक दाखिला गरेको देखिन्छ। तसर्थ नगरपालिकाले अन्तर्गतका सबै वडाहरुलाई आम्दानी रकम यथासमयमै बैंक दाखिला गर्ने र गरी कडाईका साथ कारवाही गर्नुपर्ने देखियो । | |
| ६४ | | | **आन्तरीक आय ठेक्का**<br>माई नगरपालिका कार्यालयले तोकिदिएको क्षेत्र भित्र ढुगां गिट्टी र वालुवा उत्खनन संकलन तथा विक्री वितरण गर्ने कार्यको लागी आइइ को रिपोर्ट अर्थात निकाल्न पाउने ढुगां गिट्टीको परीमाण उल्लेख नगरी एकमुष्ट रु ३९५५०००। ( मू. अ. कर समेत) को इविड मार्फत सूचना प्रकाशन गरि पर्न आएका २ ठेक्का मध्ये सवै भन्दा वढी कवोल गर्ने एन.वी.कन्सट्रक्सनको ठेक्का ५९३२५००। ( मू. अ. कर समेत) स्वीकृत भएको पाइयो । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• · मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार आय ठेक्काको असुली रकममा मूल्य अभिवृद्धि कर बापतको रकम समेत असुल गर्नु पर्दछ ।ढुगां गिट्टी र वालुवा उत्खनन संकलन तथा विक्री वितरण गरेवापत एन.वी. कन्सट्रक्सनलाइ रु.७५७३४।-छुट दिइमू.अ.कर समेत रु.५८५६७६६।- संकलन गरेकोमा सम्झौता अनुसार १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु.६७३७८७।- मध्ये रु.२०४७५०।- मात्र आन्तरीक राजस्व कार्यालय जम्मा गरेकोले नपुग रु.४६९०३७।- नगरपालिका विभाज्य कोषवाट संचित कोष दाखिला गर्नुपर्ने रु...<br>• प्रदेश नं.१ को आर्थिक ऐन,२०७७ को दफा ६ मा संकलित कर रकमको ६० प्रतिशतले हुन आउने रकम सम्वन्धित नगरपालिका संचित कोषमा र ४० प्रतिशतले हुन आउने रकम प्रदेश संचितकोषमा मासिक रुपमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष संकलन गरेको रु.५१८२९७८९।- | २,५४२,२२८ |

| | | | | |
|---|---|---|---|---|
| | | | (मू.अ.कर वाहेक) को ४० प्रतिशतले हुने रु.२०७३१९१।- प्रदेश संचितकोष जम्मा हुनुपर्ने रु. | |
| ६५ | | | **सामाजिक सुरक्षा भत्ता**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्षरु७१७३०१३७/-निकासा खर्च भएको छ । पालिकाको १० वडा मध्ये वडा नं १ र ५ नमुना छनौट गरी परीक्षण गर्दा यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन् । | |
| ६५.१ | | | • कार्यविधिमा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको भत्ता सम्बन्धितको खातामा दाखिला गरेको चौमासिकगत विवरण नगरपालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेमा सो अनुसार समयमा नै बैंकबाट विवरण लिने गरेको पाईएन। बैंकले लाभग्राहीको खातामा रकम दाखिला गरेको विवरण प्राप्त नगरी केवल कार्यालयबाट पठाईएको भरपाईको आधारमा हिसाब फररफारक गर्ने गरेको देखियो । **Reverse Feed,** स्टेटमेण्ट भिडान गरी हिसाब फरफारक गर्नुपर्दछ । नगरपालिकाले सबै चौमासिकको **ReverseFeed,** स्टेटमेण्ट उपलब्ध नगराएको कारण सम्पुर्ण लाभग्राहीले सामाजिक सुरक्षा भत्ता पाए नपाएको यकिन गर्न सकिएन । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसुची ८(१०) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा सो समेत समयमा पठाएको देखिएन ।<br>• विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा नगरपालिकाले सानिमा बैंकसँग सम्झौता गरी सम्पूर्ण वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुने गरी सम्झौता भएको देखियो ।<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरी सक्नुपर्नेमा नगरपालिकाले दोश्रो चौमासिकको भत्ता २०७७ चैत्र १७ गते र तेश्रो चौमासिकको भत्ता २०७८ असार २२ गते वितरण गरेको देखिन्छ। कार्यर्विधिमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ । | |

- वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सुनुवाइवाट प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ। वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

६५.२

**सामाजिक सुरक्षा दोहोरो भुक्तानी** - सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरेको देखिन्छ। नमुना परीक्षण गर्दा यस पालिकाका एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो भुक्तानी देखिएकोले असुल हुनुपर्ने रु

| वडा नं | नाम | किसिम | नागरिकता नं | किष्ता | रकम |
|---|---|---|---|---|---|
| ५ | शान्तिमाया राई | ज्येष्ठ नागरिक।अन्य | ७२१-१७७१ | तेस्रो चौमासिक | १२००० |
| ५ | शान्तिमाया राई | ज्येष्ठ नागरिक।अन्य | ७२१-१७७१ | तेस्रो चौमासिक | १२००० |
| १ | पृथी सिंह राई | ज्येष्ठ नागरितक।अन्य | ६९३१२४१० | तेस्रो चौमासिक | १२००० |
| १ | पृथीवी सिंह राई | ज्येष्ठ नागरिक अन्य | ६९३१२४१० | तेस्रो चौमासिक | १२००० |
| | जम्मा | | | | ४८००० |

४८,०००

६५.३

सामाजिक सुरक्षा भत्ता रकम वितरणको श्रेष्ता परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी नगरिकता नं एउटै भएका फरक फरक लाभग्राहीलाई समेत भत्ता खर्च लेखेको पाइयो । तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक गरी निम्नानुसार एउटै नागरिकता नम्बर भएको व्यक्तिहरुलाई वितरण गरेको भत्ता रकम सम्बन्धमा दोहोरो भए नभएको यकिन गरी दोहोरो भएमा असुल गर्नुपर्दछ ।

| सि. नं. | सामाजिकसुरक्षाको किसिम | पुरा नाम | लिङ्ग | वडा नं. | नागरिकता नं | रकम |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | जानुका श्रेष्ठ | महिला | २ | ७६१६१३०७ | १२००० |
| २ | जेष्ठ नागरिक भत्ता (अन्य) | मानबहादुर लिम्बु | पुरुष | २ | ७६१६१३०७ | १२००० |
| ३ | जेष्ठ नागरिक भत्ता (अन्य | जितबहादुर लोक्ताम | पुरुष | १ | १९०-२५७८ | १२००० |
| ४ | जेष्ठ नागरिक भत्ता (अन्य | पदम बहादुर लिम्बु | पुरुष | १ | १९०-२५७८ | १२००० |
| | जम्मा | | | | | ४८००० |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **सामाजिक सुरक्षा भत्ता** | |
| ६६.१ | | | सामाजिक सुरक्षा भत्ता रकम वितरणको श्रेष्ता परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी खाता नं एउटै भएका लाभग्राहीलाई समेत भत्ता खर्च लेखेको पाइयो । तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी निम्नानुसार एउटै खाता नम्बर भएको तर फरक फरक व्यक्तिहरुलाई प्रथम, दोस्रो र तेस्रो चौमासिकमा वितरण गरेको भत्ता रु.60000/- को सम्बन्धमा दोहोरो भए नभएको पालिकाले यकिन गरी दोहोरो भएमा असुल हुनुपर्ने रु | ६०,००० |

| सि. नं. | सामाजिक सुरक्षाको किसिम | पुरा नाम | लिङ्ग | वडा नं. | बैंक खाता नं | तीन चौमासिकको रकम |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | डम्बर कुमारी बास्तोला | महिला | ४ | ०५२०१०८१००००००४२ | ३६००० |
| २ | विधवा | विमला बास्तोला | महिला | ४ | ०५२०१०८१००००००४२ | २४००० |
| | जम्मा | | | | | ६०००० |

| | | | | |
|---|---|---|---|---|
| ६६.२ | | | सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ। साथै सोही कार्यविधिको को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची-५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ ।नमुना छनौट गरी गरेको परीक्षणमा पालिकाले देहाय अनुसारको लाभग्राहीहरुको बैंक खाता नम्बर उल्लेख नगरी प्रविष्टि गरी भत्ता वितरण गरेको हुँदा निज वास्तविक लाभग्राही हो होईन भनी भन्न सक्ने अवस्था रहेन। तसर्थ उक्त लाभग्राहीहरु वास्तविक लाभग्राही हो होईन यकिन गरी लाभग्राही भएमा प्रमाण पेश हुनुपर्ने रु. | ३६,००० |

| वडा नं | वर्ग | नाम थर | नागरिकता नं | रकम |
|---|---|---|---|---|
| ५ | जेष्ठ नागरिक।अन्य | मनमाया समाल मगर | ५५०/१५/१८ | १२००० |
| ५ | जेष्ठ नागरिक।अन्य | नर बहादुर राई | ०३१०२०२०५५ | १२००० |
| ५ | जेष्ठ नागरिक।अन्य | नर बहादुर सुनुवार | ५२७ | १२००० |
| | जम्मा | | | ३६००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७ | | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजु र फर्छ्यौटको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | ०७४। ७५ | १४ | पदाधिकारी पारीश्रमिकबेरुजु दाखिला भई फछ्र्यौट | ९२८०४५ | | | | ९२८०४५ |
| २ | ०७५। ७६ | २० | आशिर्वाद निर्माण सेवाको पेश्कि प्रमाण पेश भई फछ्र्यौंट | | | | २०००००० | २०००००० |
| ३ | ०७५। ७६ | २० | अभिवन निर्माण सेवाको पेश्कि प्रमाण पेश भई फछ्र्यौंट | | | | ८७७३३४ | ८७७३३४ |
| ४ | ०७६। ७७ | १६ | भेरीयसन स्वीकृत नगर कार्यपालिकको बैठकबाट नियमित भई फछ्र्यौंट | | | २३०३२९९ | | २३०३२९९ |
| ५ | ०७६। ७७ | १७ | वीमा प्रमाण पेश भै फछ्र्यौंट | | २८९५१८ | | | २८९५१८ |
| ६ | ०७६। ७७ | २२ | मुना कुरुमाङको पारीश्रमिक कर दाखिला भै फछ्र्यौंट | ९००० | | | | ९००० |
| ७ | ०७६। ७७ | २९=१ | निशुल्क पाठयपुस्कको पुष्टयाइ प्रमाण पेश भै फछ्र्यौंट | | ४९३६५७ | | | ४९३६५७ |
| ८ | ०७६। ७७ | ३० | स्यानीटरी प्याड छात्राहरुलाइ वितरण गरेको प्रमाण पेश भई फछ्र्यौंट | | १४३८९८२ | | | १४३८९८२ |
| ९ | ०७६। ७७ | ३४ | आन्तरीक श्रोतवाट लेख्नुपर्ने संघिय शसर्तवाट लेखेकोले संघिय संचित कोष फिर्ता भई फछ्र्यौंट | | १६०००० | | | १६०००० |
| १० | ०७६। ७७ | ३५ | शुशिला गिरीलाइ वढी पारीश्रमिक असूल भई फछ्र्यौंट | २३०४० | | | | २३०४० |
| ११ | ०७६। ७७ | ४० | न्यायिक समिती दस्तुरको असूली र प्रमाण पेश भै फछ्र्यौंट | ५७०० | ९२१०० | | | ९७८०० |
| १२ | ०७६। | ४५ | नसिव निर्माण सेवाको | | | | ५४३२५०० | ५४३२५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ७७ | | रु ९१०००००, सुजल निर्माण सेवाको रु ५४०००००, झरीपा निर्माण सेवाको रु ५००००००, उपाध्याय निर्माण सेवाको रु ५५०००००,र माइ भगवती निर्माण सेवाको रु २९३२५०० समेतको पेश्की फछ्र्यौट | | | | | |
| | | | **जम्मा** | | | | | **१४०५३१७५** |

| | | | | |
|---|---|---|---|---|
| ६८ | | | बेरुजुको अध्यावधिक स्थिति<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ४२९९०९ | १४०५३ | ५५६३६ | ० | ४७१४९२ |